जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.सू.वि.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३१ अंक ८७ २०७८ साल कात्तिक ११ गते बिहीबार (28 Oct. 2021 Thursday) मूल्य रु. ५/-

Log on : *rajbirajdainik.com.np*

पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : अदालतको परमादेशले संविधान र.. ३ पृष्ठमा : तीन महिनामा रु पाँच खर्ब ... ३ पृष्ठमा सुडानका प्रधानमन्त्री...

हिन्दुमाथी भएको हिंसाको बिरोधमा बंगलादेशी महिला नेतृ जियाको पुतला दहन

दैनिक समाचारदाता
राजविराज, १० कात्तिक ।

बंगलादेशमा रहेका हिन्दुहरुमाथी भएको हिंसा, हत्या, बलात्कारलगायतका घटनाको पक्षमा अभिव्यक्ति दिएको भन्दै बंगलादेशकी महिला नेतृ बेगम खालिदा जियाको पुतला दहन गरिएको छ ।

विश्व हिन्दु परिषद् सप्तरीको अगुवाईमा बुधबार राजविराजमा हिन्दुवादी संघसंगठनको संयुक्त सहभागितामा भएको प्रदर्शन पश्चात् सो पुतला दहन गरिएको हो ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको हिन्दु धर्मावलम्बीहरुको जुलुसले आतंक मुर्दावाद, विश्वभरीका हिन्दु एक हौं, हिन्दु राष्ट्र कायम गर लगायतका नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए । उनीहरुले उक्त अमानविय र आंतकारी घटनामा संलग्न दोषिहरुलाई कडा कारवाहीका लागि विश्वभरबाट नै हिन्दु समुदायले दवाव दिनु पर्नेमा जोड दिएका थिए ।

हिन्दु धर्मावलम्बीमाथी भएको आक्रमण तथा हत्या हिंसा गर्ने आक्रमणकारीको पक्षमा अभिव्यक्ति दिएकी बंगलादेश नेस्नलिस्ट पार्टीकी अध्यक्ष बेगम खालिदा जियाको पुतला दहन गरेको विश्व हिन्दु परिसद् सत्संग विभाग सगरमाथा सम्भागका सहसंयोजक जंगबहादुर सिंहले जानकारी दिए ।

प्रदर्शनपछि आयोजित कोणसभामा परिसद्का जिल्ला अध्यक्ष रामकिसुन साह, सचिव दिगम्बर यादव, हिन्दु राष्ट्र स्वभिमान जागरण अभियानका संयोजक रमाकान्त यादव, हिन्दुवादी अगुवा भोगेन्द्र झा लगायतले बोल्दै बंगलादेशमा हिन्दु धर्मावलम्बी तथा मन्दिरहरुमा भएको आक्रमणलाई आंतकवादी कार्यको संज्ञा दिएका थिए ।

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

दैनिक समाचारदाता
राजविराज, १० कात्तिक ।

सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर चोकमा बसको ठक्करबाट मंगलबार राती एक पैदलयात्रीको मृत्यु भएको छ ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको को.१ख. ७७८४ नं.को बसले पैदलयात्री स्थानीय ४५ वर्षिया ठण्डेश्वरी भगतलाई ठक्कर दिँदा उनको मृत्यु भएको हो ।

ठक्करबाट गम्भिर घाईते भएकी भगतलाई तत्काल उपचारका लागी युनिक अस्पताल रुपनीमा भर्ना गर्दा चिकित्सकले मृत्यु घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता प्रहरीले बस र बस चालक मोरङ धनपालथान गाउँपालिका ३ मयागन बस्ने ३२ वर्षिय बिनोद राजवंशीलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ ।

मृत अवस्थामा हरिण फेला

दैनिक समाचारदाता
राजविराज, १० कात्तिक ।

सप्तरीको शम्भुनाथ नगरपालिका ६ कठौना चोकस्थित राजमार्गमा एक हरिण मृत अवस्थामा फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले अन्दाजी एक सय किलो वजन भएको जंगली हरिणको सवारी साधनको ठक्करबाट मृत्यु भएको हुन सक्ने जनाएको छ ।

बाँकी अन्तिम पृष्ठमा

Geeta health care center
कर्मचारी आवश्यकता

Geeta health care center बोदेबरसाइन सप्तरीमा निम्न कर्मचारीहरुको आवश्यकता भएकोले इच्छुक र योग्य नेपाली नागरिकहरुबाट आफ्नो Bio-data सहित २०७८ कात्तिक १६ गते भित्र आवेदन दिन आह्वान गरिन्छ ।

1. Medical officer- Mbbs registered in NMC with Minimum 2 years of experience.
2. D. pharm- Registered in respective council and Minimum experience of 1 Year.

Info@geetahealthcare.com
For any Queries Contact us at :
+977-9815776036

साधारण सभा सम्बन्धी सुचना

उपरोक्त विषयमा यस संस्थाको १० (दशौं) बार्षिक साधारण सभा तपसिलका मिति, समय र स्थानमा हुने भएको व्यहोराको पत्र तथा प्रतिवेदन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई पठाई सकिएको छ । कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानी उक्त समय र स्थानमा अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

तपसिल
१.मिती :- २०७८/०७/१३ गते शनिवार
२.समय :- बिहान १० बजे देखी
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९, मलेठ, रुपनी रोड सप्तरी

जन ज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी

An Aesthetic Gateway

OCTOVOGUE EYE CARE PVT. LTD.
कर्मचारी आवश्यकता

Octovogue Eye Care Pvt.Ltd. बोदेबरसाइन सप्तरीमा निम्न कर्मचारीहरुको आवश्यकता भएकोले इच्छुक र योग्य नेपाली नागरिकहरुबाट आफ्नो Bio-data सहित २०७८ कात्तिक १६ गते भित्र आवेदन दिन आह्वान गरिन्छ ।

क्र.स.	पद	शैक्षिक योग्यता तथा अनुभव	संख्या
1.	Opthalmologist	MD or MS in Opthalmology having goods skills in cataract surgery and other monor surgeries.	1
2.	Optical Dispenser or Technician	Minimum experiance of one year in the same field.	1
3.	Lab technician	Registered Lab technician with minimum 2 Years of experiance in respective service.	1
4.	Primary eye health worker	ANM/AHW with minimum 6 months of experiance.	1
5.	Receptionist	Minimum +2 passed with good communication skills & basic computer operating skills.	1

Send your updated CV & current photo at Info@octovogueeyecare.com
For any Queries Contact us at : +977-9815776036

सम्पादकीय ....

धर्म र जातको नाममा द्वन्द बन्द गर

कुनै पनि मुलुकमा बसोवास गर्ने जनताप्रति उत्तरदायित्व सोही मुलुकको हुन्छ । विभिन्न जातजाती, भाषा, सस्कृति, धर्मलगायतमा आस्था राख्ने मानिसहरुको मुलुकमा बसोवास हुन्छ । कुनै पनि धर्म, सस्कृति, भाषालाई सबैले आत्मसाथ गर्नुपर्छ । कुनै मुलुकमा एकल जात वा धर्म मान्नेहरुको बसोवास हुन्छ भने त्यहा बसोवास गर्ने अल्पसंख्यकहरुलाई पनि उत्तिकै सम्मान र संरक्षण दिने जिम्मा सरकारको हुन्छ । तर, बंगलादेशमा हालै भएको घटनाले सम्पूर्ण विश्वलाई नै तरंगित पारिदिएको छ । त्यहाका बहुसंख्यक समुदायले अल्पसंख्य समुदायलाई लक्षित गरि गरेको हत्या, हिंसाका घटनाले सबैलाई चंकिता पारेको हो ।

यसरी कुनै पनि राष्ट्रका जनतामाथी आइपर्ने अफठ्यारो र असुरक्षालाई त्यहाको सरकारले सुरक्षा प्रदान गर्नु पर्ने पहिलो प्राथमिकता हुनजान्छ । तर, अल्पसंख्यक समुदायप्रति कुनै पनि बहानामा प्रहार हुने हमला कसैलाई मान्य हुन्न् । जात, धर्मको नाममा बहुसंख्यक र अल्पसंख्यक समुदायप्रतिको द्वन्द कदापी सहन सकिन्न् । यस्ता द्वन्दले मुलुकमा मात्र नभएर विश्वभरी कुनै न कुनै रुपमा नकारात्मक सन्देश जान्छ । यस्ता निन्दनिय कार्यलाई रोक्ने पहल गर्नुका साथै सो घटनामा संलग्नता देखिएकाहरुलाई कडा कारवाही गर्नेमा सरकार चुक्नु हुन्न् ।

तसर्थ विश्वभरिका देशहरुले आफ्ना जनताप्रति इमान्दारिताका साथ दुःख, सुखमा साथ दिनुपर्छ । अनि मात्र जनता पनि सरकारप्रति सकारात्मक हुन्छन् । जसले गर्दा सरकारको साख र आन्तरिक पकड समेत बलियो हुन्छ । अन्तमा जनता खुशी र सुरक्षित भए मात्र देश पनि सुखी र समृद्धितर्फ लम्कने सत्यतालाई सबैले मनन् गर्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

अदालतको परमादेशले संविधान र लोकतन्त्र बचाएको छ : प्रम देउवा

काठमाडौं, १० कात्तिक (रासस) ।

प्रधानमन्त्री शेरबहादुर देउवाले अदालतको परमादेशले संविधान र लोकतन्त्र बचाएको बताउनुभएको छ । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलको ६८औं स्थापना दिवसका अवसरमा नेपाल तरुण दल केन्द्रीय कार्यसमितिले बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा कांग्रेस सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले अदालतको परमादेशले संसद्, संविधान र लोकतन्त्र बचाएको बताउनुभएको हो ।

"केपी शर्मा ओलीलाई संसद् भङ्ग गर्ने अधिकार संविधानले दिएको थिएन, संविधानले नदिएको अधिकारलाई दुई/दुईपटक प्रयोग गर्दा सर्वोच्च अदालतले संविधान बचाएको हो," उहाँले भन्नुभयो । पाँच दलको गठबन्धनबाट बनेको सरकारसँग स्पष्ट बहुमत रहेकाले जनादेश छैन भन्नुको कुनै अर्थ नरहेको प्रधानमन्त्री देउवाले बताउनुभयो ।

प्रधानमन्त्री देउवाले प्रधानन्यायाधीश र अदालतका बारेमा सरकार र आफ्नो पार्टीले केही नबोल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यो अदालतभित्रको कुरा हो, उसैले यसको समाधान निकाल्न सक्छ ।" उहाँले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीबाट भर्खरै राजीनामा दिएका गजेन्द्र हमाल कांग्रेसकै नेता भएको समेत स्पष्ट पार्नुभयो । प्रधानमन्त्री देउवाले पार्टीको १४औं महाधिवेशनलाई सफल बनाउन तरुण युवाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

सो अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलनमा अनवरत योगदान गर्दै देशलाई सक्षम नेतृत्व दिनुभएका युवाहरूका प्रेरणाका स्रोत प्रधानमन्त्री तथा पार्टी सभापति देउवालाई तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले अभिनन्दन पत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा तरुण दलका पूर्वाध्यक्ष एवं गृहमन्त्री बालकृष्ण खाँणले पार्टीलाई सबल, सुढृढ र सफल बनाउन तरुण युवाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो । "कांग्रेसको महत्वपूर्ण खम्बा भनेको तरुण हो, पार्टी बलियो बनाउन तरुण, युवाहरू एकजुट र बलियो हुनुपर्छ," उहाँले भन्नुभयो ।

गृहमन्त्री खाँणले लोकतन्त्र र संविधानको रक्षा गर्नका लागि वर्तमान गठबन्धनको सरकार निर्माण भएको बताउँदै यसलाई सफल बनाउन तरुण युवाको उत्तिकै भूमिका रहेको स्पष्ट पार्नुभयो । कांग्रेसले आफ्ना पार्टीका नेतालाई आलोचना गर्ने परिपाटीको अन्त्य भएमात्र पार्टीले आगामी निर्वाचनमा विजय हासिल गर्न सक्ने बताउनुभयो ।

कार्यक्रममा खानेपानी तथा सरसफाइमन्त्री उमाकान्त चौधरीले लोकतन्त्रको रक्षा तथा पार्टीको विचारलाई संस्थागत गर्न र पार्टीले दिएको जिम्मेवारी पूरा गर्न तरुण युवाहरू लाग्नुपर्ने बताउनुभयो । उहाँले तरुण दलले पूर्णता नपाएकामा चिन्ता व्यक्त गर्दै हाम्रो र राम्रो कांग्रेस निर्माणका लागि युवाहरू एकजुट हुन आग्रह गर्नुभयो । युवाहरू देशको भविष्य र सम्पत्ति भएकाले यसलाई सही ढङ्गले परिचालन गर्नुपर्ने उहाँको भनाइ थियो ।

तरुण दलका पूर्वाध्यक्ष एवम् पूर्वमन्त्री महेन्द्र यादवले पार्टीलाई बलियो बनाउन तरुण दल एकजुट र क्रियाशील हुनुपर्नेमा जोड दिँदै आगामी निर्वाचनमा कांग्रेसलाई बहुमत दिलाउन तरुण युवाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले पार्टीलाई बलियो बनाउन र अन्याय, विकृति र विसङ्गतिकाविरुद्ध सधैँ तरुण दल खरो भएर उभिने बताउनुभयो ।

कार्यक्रममा गृहमन्त्री खाँण र खानेपानी तथा सरसफाइमन्त्री चौधरीलाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

यस्तै दलका पूर्वाध्यक्ष यादव, विनोदप्रकाश कायस्थ, उदयशमशेर राणालाई समेत दोसल्ला ओढाएर सम्मान गरिएको थियो । तरुण दलको गीत रचना गर्नुभएका सञ्चारकर्मी एवम् साहित्यकार डा नवराज लम्साललाई समेत कार्यक्रममा सम्मान गरिएको थियो ।

कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको सक्रियतामा विसं २०१० कात्तिक १० मा स्थापना भएको नेपाल तरुण दल विसं २०१७ पुस १ मा राजा महेन्द्रले प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालालाई पक्राउ गरेसँगै निष्क्रिय अवस्थामा रहेको थियो । पुनः विसं २०५४ मा तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले तरुण दलको पुनर्स्थापना गरेपछि तरुण दलले आफ्नो सङ्गठनलाई विस्तार गर्दै आएको छ ।

स्कुटरको ठक्करबाट पैदलयात्रुको मृत्यु

जलेश्वर, १० कात्तिक (रासस) ।

महोत्तरीको जलेश्वर-जनकपुर सडकखण्डमा मंगलबार राति स्कुटरले ठक्कर दिँदा एक पैदलयात्रुको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सिन्धुलीको मरिनखोला नगरपालिका-१ का ३८ वर्षीय हरिबहादुर भुजेल रहेका छन् । जनकपुरबाट जलेश्वरतर्फ आउँदै गरेको ज१२प ४९७७ नंको स्कुटरले पिपरा गाउँपालिका-७ मा बाटोमा भुजेललाई ठक्कर दिएको हो गम्भीर घाइते भएका भुजेलको उपचारका क्रममा जनकपुरस्थित रामजानकी अस्पतालमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिनुभयो ।

भुजेलको शव परीक्षणका लागि सोही अस्पतालमा राखिएको छ । स्कुटरमा सवार नाम नखुलेका दुई जना समेत घाइते भएका छन् । उनीहरूको स्थानीय स्वास्थ्य क्लिनिकमा उपचार भइरहेको छ ।

प्रधानन्यायाधीशको इजलासमा मात्र सुनुवाइ

काठमाडौं, १० कात्तिक (रासस) ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको एकल इजलासमा बुधबार सुनुवाइ भएको छ । अरु इजलासमा भने सुनुवाइ हुन सकेको छैन । सोमबार र मङ्गलबार कुनै पनि मुद्दामा सुनुवाइ हुन सकेको थिएन ।

प्रधानन्यायाधीश राणाले आफ्नो एकल इजलाससहित अन्य न्यायाधीशलाई पनि पेसी तोक्नुभएको छ । ती कुनै पनि बेन्चमा सुनुवाइ भएको छैन । पेशीमा तोकिएको ठाउँमा बेन्च बस्न नसकेको भनेर उल्लेख गरिएको छ । प्रधानन्यायाधीशमाथि मन्त्रिमण्डल विस्तारमा भाग खोजेको भन्ने आरोपका कारण न्यायालयमा प्रश्न उठेको र उक्त प्रश्नको जवाफको माग गर्दै न्यायाधीशहरूले इजलास सुनुवाइ गर्न इन्कार गर्नुभएको छ ।

प्रधानन्यायाधीश राणाले आफूलाई संविधान र कानूनले प्रधानन्यायाधीशको रूपमा जिम्मेवारी दिएकाले त्यो पूरा गर्न आफू सक्षम रहेको बताउनुभएको छ । उहाँले न्यायाधीशहरूलाई संविधान र कानूनबमोजिम आ-आफ्नो जिम्मेवारी पूरा गर्न आग्रहसमेत गर्नुभएको छ । अदालतमा बेन्च बस्न नसक्दा मुद्दाको सुनुवाइ हुन सकेको छैन । त्यसले गर्दा पालोमा टाढा-टाढाबाट आएका सेवाग्राही मर्कामा परेका छन् ।

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं

मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

तीन महिनामा रु पाँच खर्ब वैदेशिक व्यापार

काठमाडौँ, १० कात्तिक (रासस)।

चालू आर्थिक वर्षको पहिलो तीन महिनामा मुलुकको वैदेशिक व्यापार ६८ दशमलव १३ प्रतिशतले बृद्धि भएको छ। गत आवको पहिलो त्रैमासिकमा रु तीन खर्ब २३ अर्ब ३१ करोड ५९ लाख ५३ हजार रहेकामा चालू आवको सो अबधिमा रु पाँच खर्ब ४३ अर्ब ५७ करोड ६० लाख ५४ हजार पुगेको छ।

भन्सार विभागद्वारा मंगलबार जारी चालू आवको पहिलो त्रैमासिकको तथ्याङ्क अनुसार गत आवको पहिलो त्रैमासिकका तुलनामा चालू आवको सोही अवधिमा आयात ६३ दशमलव ७३ प्रतिशतले बृद्धि भइ रु चार खर्ब ७८ अर्ब ५२ करोड ३२ लाख २० हजार पुगेको छ। गत आवको पहिलो तीन महिनामा रु दुई खर्ब ९२ अर्ब २६ करोड ९८ लाख ६० हजारको आयात भएको थियो। तथ्याङ्कानुसार चालू आवको तीन महिनाको वैदेशिक व्यापारमा आयात-निर्यातको अनुपात ८८.०३ : ११.९७ छ।

सार्वजनिक विवरणानुसार गत आव पहिलो त्रैमासिकका तुलनामा चालू आवको पहिलो तीन महिनाको निर्यात १०९ दशमलव ५४ प्रतिशतले बढेको छ। गत आवको पहिलो त्रैमासिकमा रु ३१ अर्ब चार करोड ६० लाख ९३ हजारको निर्यात भएकामा चालू आवमा रु ६५ अर्ब पाँच करोड २८ लाख ३४ हजारको निर्यात भएको छ।

चालू आवको पहिलो त्रैमासिकमा मुलुकको व्यापार घाटा ५८ दशमलव २८ प्रतिशतले बढेर रु चार खर्ब १३ अर्ब ४७ करोड तीन लाख ८६ हजार पुगेको छ। गत आवको पहिलो तीन महिनामा व्यापार घाटा रु दुई खर्ब ६१ अर्ब २२ करोड ३७ लाख ६७ हजार थियो। चालू आवको पहिलो तीन महिनाको कूल वैदेशिक व्यापारमध्ये निर्यातका तुलनामा आयात सात दशमलव ३६ गुणाले बढी देखिन्छ।

डिजेल धेरै आयात

विभागको तथ्याङ्कानुसार तीन महिनामा रु २३ अर्ब ३२ करोड ४४ लाख ७१ हजार बराबरको डिजेल आयात भएको छ जुन आयातमध्येकै बढी हो। त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ। व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनः निर्यात गर्दै आएका छन्। चालू आवको पहिलो तीन महिनामा करिब १३ करोड लिटर भटमासको तेल रु २० अर्ब ६० करोड ६० लाख ५१ हजार मूल्य बराबरको निर्यात भएको विभागले जनाएको छ।

त्यस्तै चालू आवको पहिलो तीन महिनामा मोबाइल टेलिफोन रु १७ अर्ब १७ करोड ७१ लाख ८० हजार, पाम आयल रु १३ अर्ब चार करोड ५३ लाख ८६ हजार र पेट्रोल रु १२ अर्ब ८६ करोड ५६ लाख ५७ हजारको आयात भएको छ।

भटमासको तेल बढी निर्यात

नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ।

विभागको तथ्याङ्कानुसार स्वदेबाट रु २२ अर्ब दुई करोड ६८ लाख ५२ हजारको भटमासको तेल निर्यात भएको छ।

व्यवसायीले भटमासको कच्चापदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर भारतमा निर्यात गर्ने गरेका छन्। सबैभन्दा बढी निर्यात हुने वस्तुको दोस्रा नम्बरमा कच्चा पाम तेल र तेस्रोमा प्रशोधित पाम तेल छन्। सार्वजनिक विवरणानुसार चालू आवको पहिलो तीन महिनामा रु आठ अर्ब ४५ करोड ९८ लाख ३१ हजारको कच्चा पाम तेल र रु पाँच अर्ब पाँच करोड ४८ लाख ९८ हजारको प्रशोधित पाम तेल निर्यात भएको देखिन्छ।

त्यस्तै चालू आवको गत तीन महिनामा लगभग रु दुई अर्ब २४ करोड ७६ लाख ६६ हजार बराबरको ऊनीको गलैँचा र झण्डै रु एक अर्ब ८७ करोड ५५ लाख ६९ हजार बराबरको जुटका बुनिएका कपडा तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ।

मत्स्य कृषकहरुका लागि जानकारी

पोखरीको तयारी

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

घर पोतने चुना :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

मल: गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

स्टकिंग प्रतिशत

सि. नं.	माछाको नाम	स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत	स्टोकिङ्ग डेन्सिटी-२	स्टोकिङ्ग डेन्सिटी-३	स्टोकिङ्ग डेन्सिटी-४
१	कमनकार्प	२५	२०	४०	२०
२	सिल्भर कार्प	३५	४०	२५	२०
३	बिगहेड कार्प	१०	२०	१५	४०
४	ग्रास कार्प	५	१०	१०	१०
५	रह	१५			१०
६	नैनि	१०	१०	१०	
७	भाकुर				

मछाको आहार विहार

माछाको नाम	आहाराको क्षेत्र	आहारा
भाकुर	पानीको माथिल्लो भाग देखीमध्य भाग	जुप्लाक्टन
रहु	पानीको मध्य भागदेखी पिंध सम्म	डेट्रिटस, दाना
नैनि	पानीको पिंधभागमा	सर्वाहारी दाना
सिल्भर कार्प	पानीको माथिल्लो भाग	फाईटोप्लांटन
बिगहेड कार्प	पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म	जुप्लांक्टन
ग्रास कार्प	पानीको जुन सुकै भागमा	घाँस, दाना
कमनकार्प	पानीको पिंधभागमा	सर्वाहारी दाना

प्रयोग :

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी
मोबाईल नं. ९८५२८२०९३५

विश्व समाचार

सुडानका प्रधानमन्त्री रिहा

खार्तुम, १० कात्तिक, (रासस/एएफपी)।

सुडानी प्रधानमन्त्री अब्दल्ला हम्डोकलाई मङ्गलबार अबेर राति रिहा गरिएको उहाँको कार्यालयले जानकारी दिएको छ। अन्तरराष्ट्रियरुपमा भएको कडा दबाबपछि उहाँलाई सैन्य कूबाट हटाइएको छ।

यद्यपी सेनाले हम्डोकलाई 'निकट निगरानीमा' राखिएको बताइएको छ। अन्य मन्त्री र नागरिक नेता गिरफ्तारमा नै रहेका उहाँको कार्यालयले थप जानकारी दिएको छ।

सैन्य कूपछि अमेरिका र ईयूले सुडानलाई दिइरहेको सहायता निलम्बन गर्ने चेतावनी दिएको थियो। यसैबीच संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेर्रेसले सुरक्षा परिषद्को आपतकालीन बैठक शुरु हुनुभन्दा अगाडि नै हम्डोकलाई 'तुरुन्त रिहा गर्न' माग गर्नु भएको थियो।

बैठकअघि, संयुक्त राष्ट्रसङ्घका लागि रुसका उपराजदूत दिमित्री पोल्यान्स्कीले काउन्सिलले "सबै पक्षबाट हिंसा रोक्न अपील गर्नुपर्ने बताउनु भएको थियो।

लामो समयदेखि निरङ्कुश शासक ओमार अल-बशिरको सन् २०१९ अप्रिल मा विशाल सडक विरोधका क्रममा सेनाले अपदस्थ गरेपछि सेना र नागरिक बीचको नाजुक शक्ति बाँडफाँड व्यवस्थाको परिणाम नै यो 'कू' भएको बताइन्छ।

गत सोमबार सुडानको सेनाले प्रधानमन्त्री अब्दल्ला हम्डकसहित दर्जनौ नेतालाई गरिफ्तार गरेको थियो। प्रधानमन्त्री हम्डकलाई अपदस्थ नै गरेर सेनाले सत्ता नियन्त्रणमा लिएको विदेशी सञ्चार माध्यमद्वारा जारी समाचारमा जनाइएको थियो।

सत्ताविद्रोह गरेको सेनाले प्रधानमन्त्रीलाई पदत्याग गर्न भनेपनि उहाँले अस्वीकार गर्नुभएपछि सेनाले प्रधानमन्त्री हम्डकलाई नियन्त्रणमा लिएका थिए।

नागरिक अगुवासमेत सम्मिलित सुडानी सरकार र सेनाबीचमा पछिल्लो केही समयदेखि सम्वन्धमा तिक्तता आएको थियो।

सोमबार गरेको कूका विरुद्धमा व्यापक विरोध प्रदर्शन क्रममा सरकारी सुरक्षाकर्मीले दमन गर्दा कम्तीमा सात जनाको मृत्यु हुनुको साथै १४० भन्दा बढी घाइते भएका थिए।

नागरिक अगुवा र सैनिक प्रतिनिधि सामेल भएर बनाइएको सरकारलाई अपदस्त गर्दै सैनिक नेतृत्वले सैन्य शासन लागू भएको घोषणा गरेपछि विरोध प्रदर्शन सुरु भएको थियो।

तत्कालीन राष्ट्रपति बशिरको विरोधमा सङ्गठित भएको सुडानिज प्रफेसनल एसोसिएसन र फोर्सेस फर फ्रिडम एन्ड चेन्जले सैनिक विद्रोहको प्रतिरोध गर्न आम जनतासमक्ष अनुरोध गरेको थियो।

तत्कालिन सरकारले मूल्यवृद्धि त्यसका विरुद्धमा सन् २०१९ मा सुरु भएको आन्दोलनले त्यो सरकार ढलाएर नयाँ सरकार गठन गरेको थियो। प्रधानमन्त्री अब्दल्ला हम्डकको सरकार सुडानमा उत्पन्न राजनीतिक गतिरोध अन्त्यका लागि नागरिकस्तरको सङ्क्रमणकालीन सरकारकारुपमा गठन भएको थियो।

सर्वपक्षीय सहमतीमा बनेको नागरिक र सैन्य अधिकारीसहितको संयुक्त सरकारसमेतलाई अहिले सेनाले अपदस्त गरेको हो।

तालिबानसँगको भेटवार्ता लाभदायक : चिनियाँ विदेशमन्त्री

दोहा, १० कात्तिक (रासस/सिन्ह्वा)।

चिनियाँ विदेशमन्त्री वाङ यीले अफगानिस्तानको अन्तरिम सरकारका अधिकारीसँग भएको भेटवार्ता सकारात्मक रहेको बताउनुभएको छ।

अफगानितस्तानको अन्तरिम सरकारका अधिकारीसँग उहाँले भेटवार्ता गर्नुभएको सो भेटमा आपसी विश्वासमा वृद्धि भएको जानकारी विदेशमन्त्री वाङ यीले गराउनु भएको छ।

विदेशमन्त्री वाङ यीले अफगानिस्तानको अन्तरिम सरकारका उपप्रधानमन्त्रीसँग कतारको राजधानी दोहामा भेटवार्ता गर्नुभएको थियो। उहाँले मंगलबार भएको भेटमा द्धिपक्षीय भेटका क्रममा आपसी विश्वमा वृद्धि गर्नुका साथै कतिपय विषयमा स्पष्टरुपमा छलफल भएको थियो।

सो भेटका क्रममा अफगानिस्तानको पछिल्लो अवस्थाका बारेमा कुराकानी भएको बताइएको छ। सो भेटका क्रममा तालिबानले आफ्नो सरकारको नीतिका बारेमा विदेशमन्त्री वाङ यीलाई जानकारी दिएका थिए।

अफगानिस्तानको अन्तरिम सरकारका विदेशमन्त्री अमिर खान मुतागीले अफगानिस्तानको तालिबान सरकारले देशभित्र आतंककारी गतिविधिमा निगरानी राख्ने र मानवअधिकारका पक्षमा काम गर्ने बताउनुभएको थियो।

हाल अफगानिस्तानको सरकार महिला अधिकारका विपक्षमा रहेको भन्दै यसका लागि विश्व समुदायले पनि चासो राखिरहेको छ। यस विषयमा पनि अफगानिस्तानका विदेशमन्त्रीले स्पष्ट गर्नुभएको थियो। उहाँले हाल अफगानिस्तानले महिला अधिकार, बालअधिकारका साथै बालबालिकाको अवस्थाका बारेमा पनि निकै चनाखो भएर काम गरेको उहाँले बताउनुभएको थियो।

नेपाल लाईफ ईन्स्योरेन्सका अभिकर्तालाई पुर्नताजगी तथा सम्मान कार्यक्रम सम्पन्न

दैनिक समाचारदाता
राजविराज, १० कात्तिक ।

नेपाल लाईफ ईन्स्योरेन्स शाखा कार्यालय कंचनपुरको आयोजनामा अभिकर्ता पुर्नताजगी तथा सम्मान कार्यकम बुधबार सम्पन्न भएको छ ।

राजबिराजमा आयोजित कार्यक्रममा अभिकर्ता, एजेन्सी म्यानेजर बरिष्ठ म्यानेजर लगायतले उत्कृष्ट कार्य गरे बापत उनीहरूलाई सम्मान गरिएको हो ।

उक्त अवसरमा सप्तरी कार्यक्षेत्र बनाएर बिमा गर्ने एजेन्सी म्यानेजर लक्ष्मी रजक, बरिष्ठ म्यानेजर दशरथ दास, सुकेश राय, मोकेन्द्र यादब, राजकुमार दास, कैलाश झा, सत्य नारायण यादब लगायत ५३ जनालाई सम्मान गरिएको नेपाल लाईफ ईन्स्योरेन्स कम्पन्नी कंचनपुर शाखा प्रबन्धक जय दत्तले जानकारी दिएका छन ।

उक्त कार्यक्रममा नेपाल लाईफ ईन्स्योरेन्स कम्पन्नीका कार्यकारी अधिकृत सन्तोष प्रसाईले बिमा ब्यबसायलाई सुरक्षित तथा समृद्ध बनाउन छोराछोरीको उच्च शिक्षा अथवा विदेश गएर पढ्ने चाहना, शिक्षा, दिक्षा, छोराछोरीलाई शिक्षादिक्षाको व्यवस्था गराउन बिमाले सहयोग पुग्ने बिश्वास ब्यक्त गरे ।

उनले विवाहको प्रवन्ध मिलाउनको निम्ति ठूलो खर्च आईलाग्ने भएकोले बाबु-आमालाई यसको बोझ हल्का गराउन बीमा सुरक्षित उपाय रहेको बताए ।

ईन्स्योरेन्स कम्पन्नी प्रदेश २ का क्षेत्रिय प्रबन्धक दशरथ झाले जीवन अमुल्य भएकोले जिवनको सुरक्षित बनाउन बिमा ब्यवसाय एक मात्र बिकल्प रहेको बताए । उनले बिमा कठिन ब्यवसाय भएकोले मानिसको जीवन सुरक्षित बनाउनका लागि सम्पुर्ण नेपालीले बिमा गर्न तर्फ अग्रसर हुनुपर्नेमा जोड समेत दिए ।

यसैगरी कम्पनीका डिसियो सुशिल चौधरीले भविष्यप्रति विभिन्न प्रकारका प्रलेख बीमा गराएर ढुक्क हुन भन्दै वृद्ध अवस्थामा पनि आनन्दका साथ दिन बिताउन बिमा माध्यम हुनजान्छ ।

नेपाल लाईफ ईन्स्योरेन्स शाखा कंचनपुर ईन्स्योरेन्स शाखा अध्यक्ष तथा सिनियर एजेन्सी म्यानेजर मोकेन्द्र यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा कंचनपुर शाखा प्रबन्धक जय दत्त, राजबिराज शाखा प्रबन्धक भोगेन्द्र साह, राजबिराज अध्यक्ष दशरथ दास, सत्य नारायण यादब, राजकुमार दास लगायतले बोलेका थिए भने कार्यक्रमको संचालन बरिष्ठ म्यानेजर कैलाश झाले गरेका थिए ।

मिथिला कपमा युथ क्रिकेट बजाज र रौतहट ११ बिजय

दैनिक समाचारदाता
राजविराज, १० कात्तिक ।

मिथिला क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न खेलमा युथ क्रिकेट एकेडमी बजाजले नरेश सिह क्रिकेट एकेडमीलाई ५५ रनले पराजित जित हात पारेको छ ।

बुधवार सम्पन्न खेलमा बजाजले टस जितेर २० ओभर खेल्दै १० बिकेट गुमाएर १ सय ५५ रनको योगफल खडा गरेका थिए । जसमा आशिष झा ६४ अविजित, देव खनाल ३८,राहुल मण्डल १७ रन जोडेका थिए । बलिंग तर्फ नरेश सिँह क्रिकेट कल्व का बिकेक कोईराला २ तथा हरेकृष्ण झा, राहुल प्रताप सिँह १/१ ले बिकेट लिएका थिए ।

प्रतिउतरमा नरेश क्रिकेट कल्व ले १९ ओभर ३ बलमा १० बिकेट गुमाई १ सय रन मात्र बनाएका थिए । जसमा हरेकृष्ण झा २४, सुनिल कापर २३ र राजकुमार सहनीले २० रन बनाए । बलिंग तर्फ बजाजका बिबेक यादब ले घातक बलिंग गर्दै ५ बिकेट अनिल खरेल २ तथा किसोर महतो, बासिर अहमद, मिकु मण्डल ले १/१ बिकेट लिएका थिए भने खेलको म्यान अफ दि म्याच आशिष झा घोषित भएको आयोजक समितिका उदित यादबले जानकारी दिएका छन ।

यसैगरी बुधबारै सम्पन्न दोस्रो खेलमा रौतहट ११ ले लायन्स क्रिकेट एकेडमीलाई ५८ रनले पराजित गर्दै बिजय हासिल गरेको छ ।

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ

तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं

मास्क लगाऔं

भौतिक दुरी कायम गरौं

बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी

माटोको ढिस्कोले पुरिएर एक बालिकाको ज्यान गयो, पाँच जना घाइते

दैनिक समाचारदाता
सिरहा, १० कात्तिक ।

सिरहामा माटोको ढिस्कोले पुरिएर एक बालिकाको मृत्यू भएको छ भने ५ जना घाईते भएका छन् ।

धनगढीमाई नगरपालिका ५ जयपुरका प्रकाश कामैतका ११ वर्षिया छोरी करिष्मा कुमारीको ढिस्कोले पुरिएर मृत्यु भएको हो ।

ढिस्कोमा परी स्थानिय महिन्द्र महतोको ७ वर्षीय छोरी सरिता महतो, राजकुमार यादबकी ७ वर्षीया छोरी सविता यादब, २६ वर्षिय सीता देवी कामैत र इन्द्रदेव कामैतकी १० वर्षिय छोरी रुवि कामत घाइते भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

घाइतेमध्ये राजकुमार यादवकी १० वर्षिय छोरी सविताको स्थानीय स्तरमा उपचार सम्भव नभएपछि थप उपचारको लागि विराटनगर लगिएको प्रहरीले जनाएको छ ।

मुख्यमन्त्री शाक्यद्वारा राजीनामा

वाग्मती, १० कात्तिक (रासस) ।

वाग्मती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले पदबाट राजीनामा दिएकी छिन् ।

प्रदेशसभा बैठकमा आफ्ना धारणा राख्दै मुख्यमन्त्री शाक्यले राजीनामाको घोषणा गर्नुभएको हो । बैठकमा शाक्यले विगतमा आफूहरूले गरेको त्याग पद र प्रतिष्ठाका लागि मात्रै नभएको उल्लेख गर्नुभयो ।

यसअघि प्रदेशसभा संसदीय दलको कार्यालयमा नेकपा (एमाले) का प्रदेशसभा सदस्यहरूसँग मुख्यमन्त्री शाक्यले आफूले पदबाट राजीनामा दिने बताउनुभएको थियो ।

शाक्यले बुधबारै पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शार्मा आलीसँग समेत सल्लाह गरेको र उहाँले विश्वासको मत नपाउने निश्चित भएको अवस्थामा राजीनामा दिएर मार्ग प्रशस्त गर्नु उचित हुने सल्लाह दिनुभएको भन्दै राजीनामा दिएको बताइन् ।

पाँच दलीय गठवन्धनको सरकार गठन गर्नका लागि बाटो खुल्ला गरिदिन पनि आफूले राजीनामा दिने उहाँको भनाइ थियो । उहाँले राजीनामा दिने निश्चित भएपछि यस प्रदेशमा नेकपा (एकीकृत समाजवादी) का नेता राजेन्द्र पाण्डेको नेतृत्वमा सरकार गठन हुने भएको छ । उहाँको पार्टीसँगै नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र लगायतका दलको सहभागितामा सरकार गठन हुन लागेको हो ।

चीनबाट १० लाख मात्रा खोप आइपुग्यो

काठमाडौं, १० कात्तिक (रासस) ।

कोभ्याक्स सुविधा अन्तर्गत चीनबाट कोरोना भाइरस विरुद्धको भेरोसेल खोपको थप मात्रा नेपाल आइपुगेको छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले १० लाख २० हजार मात्रा भेरोसेल खोप आइपुगेको जानकारी दिनुभयो ।

उहाँका अनुसार सो खोपलाई टेकुस्थित भण्डारण केन्द्रमा राखिएको छ । यही कात्तिक ८ गते अमेरिकाले कोभ्याक्स मार्फत एक लाख ६२० मात्रा फाइजर खोप नेपाललाई उपलब्ध गराएको थियो ।

मृत अवस्थामा ...

बुधबार बिहान ७ बजे प्रहरीलाई उक्त घटना बारे खबर प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगि कानुनी प्रकृया पुरा गरेर मृत हरिणलाई ईलाका वन कार्यालय रुपनी सप्तरीको जिम्मा लागाएको जनाएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*